आग्राको गैरीगाउँ-दामगाडे-महादेववेशीको कामले गति लियो-अध्यक्ष थिङ । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-२२ ● २०८० मंसिर २५ गते सोमबार, ● 11 Dec., 2023, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

### तरकारीको भाउ निरन्तर ओरोलो लाग्यो

# मुला किलोको १ रुपियाँमा पनि बिकेन



विकास संवाददाता
थाहानगर

बेमौसमी तरकारीको उर्वर क्षेत्र मानिएको मकवानपुरको थाहा नगर पालिका क्षेत्रमा उत्पादन भएको तरकारीको उचित मूल्य नपाउँदा मारमा परेका छन् । थाहा नगरका किसानहरूको मुख्य आमदानीको श्रोतमा रहेको तरकारीले उचित मूल्यको बजार नपाउँदा उनीहरूले आफूले लगानी गरेर उत्पादन गरेको भन्दा निकै कम मूल्यमा तरकारी बेच्नु परेको छ । अझ किसानकै भाषामा भन्दा उनीहरूले उत्पादन गरेको तरकारी 'कौडी'को भाउमा बेच्नु परेको छ ।

थाहा नगर क्षेत्रमा यति बेला टमाटर, काउली तथा मुला उत्पादन भइरहेको छ । तर किसानहरू उत्पादन भएको तरकारीले भाउ नपाउँदा निराश छन् । लाखौं रूपैयाँ लगानी गरेर निकै मेहनतको साथमा उत्पादन गरेर बेच्ने बेलामा भाउ नआउँदा यहाँको किसानमा निराशा छाएको छ । उनीहरूले उत्पादन गरेको तरकारी सित्तैमा लैजाऊ भन्दा पनि मानिस नभएको भन्दै उत्पादित तरकारीलाई बारीमा नै नष्ट गर्नुपर्ने बाध्यात्मक अवस्थाको सृजना भएको किसानहरूको भनाई छ ।

थाहा नगरपालिका वडा नम्बर २ का किसान निरोज प्रधान अहिले एक रूपैयाँ किलोमा पनि मुला बिक्री गर्न नसकेको बताए । उनले भने, 'एक पोका मुलाको बिउ २५ सय रूपैयाँसम्म पर्छ । अर्थात् एक गेडा मुलाको बिउको मात्र ५ रूपैयाँ पर्न आउँछ तर उत्पादन भएको मुला एक रूपैयाँमा पनि बिक्री नहुँदा अहिले हामीलाई निकै समस्या परेको छ । काउलीको मूल्य पनि उस्तै छ ।' अहिले थाहा नगरपालिकामा प्रति किलो ५ रूपैयाँमा काउली बेच्न किसान बाध्य छन् । 'आफूले ५ रूपैयाँमा बेचेको काउली नजिकैको काठमाडौं र हेटौंडामा ५०-६० रूपैयाँ किलोमा बिक्री भइरहेको आँखैले देख्नु परेको छ तर हामी किसानहरू भने सधैं मारमा नै छौं, उनले भने ।

थाहा नगरपालिकालाई बेमौसमी तरकारी उत्पादन केन्द्रको रूपमा लिइएको छ । यहाँको तरकारी नेपालको हरेक जिल्लाको बजारमा पुग्ने गरेको छ । तर उत्पादनकर्ता किसान भने सधैं घाटामा रहेको कारण युवाहरूले तरकारी खेतीलाई अब पेशाको रूपमा लैजाने अवस्था कम हुँदै गएको थाहा नगरका अर्का किसान रामसिंह वाइबा बताउँछन् । उनले भने 'हामीले निकै मेहनत गरेर तरकारी उमाछौं, मल पानीको उचित व्यवस्थापन गरेर फलाउँछौं तर बिक्री गर्ने बेलामा भने सधैं घाटा मात्र हुने भएपछि अब यस्तोखाले व्यवसाय गरेर कसरी परिवार पाल्न सक्छौ र ?'

तरकारी उत्पादन गरेर घरपरिवारलाई पाल्न समस्या हुँदै गएपछि यहाँका सयौं किसानहरू वैदेशिक रोजगारीको लागि जानु परेको उनको भनाई रहेको छ ।

# मकवानपुरगढीमा वडा कार्यालयमै पुगेर योजना सम्झौता गर्दै

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकाले वडा कार्यालयमै पुगेर स्थानीयस्तरका योजना सम्झौता गर्ने कार्यको थालनी गरेको छ । विकास निर्माणको कामलाई छिटो छरितो, सरल र प्रभावकारी बनाउन पहिलो चरणमा गाउँपालिकाले १, ७ र ८ नम्बर वडाबाट अभियान सुरूवात गरेको हो । १, ७ र ८ नम्बर वडा गाउँपालिकाको विकट क्षेत्र हुन् । यी तीन वडाबासीलाई गाउँपालिका केन्द्र आउन र पुनः घर पुग्न एक दिनै पूरै लाग्छ । जसकारण सर्वसाधारणले गाउँपालिकासम्म आउजाउ गर्न कष्टकर देखिएपछि वडामै योजना सम्झौता गर्ने निर्णय लिइएको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्कीले जानकारी दिए ।

गाउँपालिकाले १, ७ र ८ नम्बर वडामा पहिलो चरणको योजना सम्झौता गर्ने कार्य गरिसकेको छ । योजना सम्झौताका लागि गाउँपालिकाका अध्यक्ष दोर्जे स्याङ्तान, उपाध्यक्ष मानकुमारी पाखिन, प्रमुख प्रशासकीय अधिकृत कार्कीलगायत प्राविधिक एवं शाखा प्रमुखसहितको टोली वडामा खटिएको हो । गाउँपालिकाले वडास्तरबाट छनोट गरी बजेट विनियोजन गरेका योजनाको सम्झौता वडामै पुगेर गर्न थालेपछि उपभोक्तालाई सहज भएको उपभोक्ताले बताएका छन् । वडा कार्यालयमा पुगेर योजना सम्झौतासँगै उपभोक्ता समितिका पदाधिकारीलाई योजना प्रक्रियाको




बारेमा जानकारी दिन अभिमूखीकरण गरिएको प्रमुख प्रशासकीय अधिकृत कार्कीले बताए । गाउँपालिकाले १ देखि ८ नम्बर वडामा चालु आर्थिक वर्ष २०८०/८१ का लागि करिब २ सय ५० योजना छनोट कार्यान्वयन गर्दैछ ।

पालिकाले विनियोजन गरेका योजनाको बजेट फ्रिज नहोस र समयमै कार्य सम्पन्न होस भन्ने उद्धेश्यले सम्बन्धित वडा कार्यालयमै पुगेर योजना सम्झौता गर्ने योजना बनाएको कार्कीले बताए । विगतदेखिको असारे विकासको प्रचलनले गुणस्तरीय र प्रभावकारी काम नहुने, अनावश्यक चाप बढ्ने र बजेट फ्रिज जाने समस्याले गर्दा गाउँपालिकाले अभियान नै बनाएको जनाएको छ । असारे विकासको परम्परा हटाउन समयमै उपभोक्ता समिति गठन गर्ने, योजना सम्झौता गर्ने र सम्पन्न गर्ने समयावधि तोकेर काम अगाडि बढेको कार्की बताउँछन् ।

तोकिएको समयमा काम नगर्ने उपभोक्ता समिति र टेण्डरकर्ताको काम रोकिने कार्कीको भनाई छ । वडामै गएर योजनाको सम्झौता गर्दा उपभोक्ताको समय बचतसँगै पटक-पटक पालिकामा धाउनु पर्ने समस्या हट्ने छ ।

# अपाङ्गता भएकालाई नि:शुल्क स्वास्थ्य बीमा गराउने

◆ विकास संवाददाता

अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकताका साथ निशुल्क स्वास्थ्य बीमा गराउने राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले घोषणा गरेका छन् । विश्व अपाङ्गता दिवसको अवसरमा आइतबार राक्सिराङ गाउँपालिकामा गरिएको संवाद कार्यक्रममा बोल्नु हुँदै अध्यक्ष मल्लले अपाङता भएको व्यक्तिहरूलाई पहिलो प्राथमिकता साथ नि:शुल्क स्वास्थ्य बीमा सहित आयआर्जनको लागि विभिन्न प्रकारको तालिम गराई आत्मानिर्भर बनाउने घोषणा गरेका हुन् ।

आपाङ्गता भएका व्यक्तिलाई संरक्षण तथा सुरक्षा दिनु पालिकाको दायित्व रहेकोले अपाङग कस्तो प्रकारको छ, उसको आवश्यकता अनुसार पालिकाले आयआर्जन गरि जीवन निर्वाहको लागि सहयोग गरिने उनको भनाइ छ । सहभागीहरूले सीपमुलक तालिमको आवश्यकता, स्वास्थ्य तथा दैनिक जीवन निर्वाहको पाटोमा सहयोग र पालिकाको नीति निर्माण गर्ने बेला सक्रिय सहभागी गराउन जोड दिएको छ ।

राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा भएको सम्वाद कार्यक्रममा प्रमुख प्रसशाकीय अधिकृत देवचन्द्र गर्तौला लगायतको आतिथ्यता रहेको थियो ।

# भीमफेदीले स्वरोजगार बनाउन सीप सिकाउँदै

◆ विकास संवाददाता

भीमफेदी गाउँपालिकाले युवालाई लक्षित गरी स्वरोजगार बनाउने र सीप सिकाउने उद्देश्य सहित सीपमूलक तालिम सञ्चालन गर्ने भएको छ ।

गाउँपालिकाले स्थानीय युवालाई स्वरोजगार बनाउने, सीप सिकाउन आधारभूत मोबाइल रिपेयरिङ, जेन्स हेयर कटिङ विकास तालिम, गार्मेन्ट सीप विकास तालिम र वर्कसप विकास तालिम दिने जनाएको हो । गाउँपालिकाका



अनुसार ९ वटै वडामार्फत सीपसम्बन्धी तालिममा इच्छुकको निवदेन संकलन गरेर छनोट गरी तालिममा सहभागी गराइने छ । आधारभूत मोबाइल रिपेयरिङ तालिममा सीप सिकेका युवालाई व्यवसाय सञ्चालन र आवश्यकता अनुसार प्रविधिको सहयोग समेत दिने तयारी भइरहेको तालिमकी सम्पर्क व्यक्ति अमृत गौतमले बताए । यस्तै जेन्स हेयर कटिङको तालिम पश्चात पनि व्यवसाय सुरू गर्न सहयोग गरिने गाउँपालिकाबाट जारी सूचनामा भनिएको छ । गार्मेन्ट तालिममा भने आधारभूत सिलाई कटाईको सीप सिकेको हुनुपर्ने व्यवस्था रहेको छ । सूचना अनुसार तालिम लिने युवा १८ वर्षदेखि माथि र ४५ वर्ष नकटेको हुनुपर्नेछ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## प्लाष्टिक प्रयोगाको विकल्प खोजौं

प्लाष्टिक र प्लाष्टिकजन्य वस्तुको प्रयोग अहिले नेपालमा मात्र नभई संसारभरि टाउको दुखाइको विषय बनेको छ । प्लास्टिकजन्य प्रदूषण त्रासदी बनेको छ, जसले विश्वको हरेक भागलाई असर गरेको छ । प्लास्टिकजन्य प्रदूषणले हाम्रो जैविक प्रणालीलाई पनि परिवर्तन गरिरहेको छ । यसले पारिस्थितिक प्रणाली पनि परिवर्तन गर्दै लगेको छ । हेर्दा सामान्यजस्तो लाग्ने तर विश्वलाई त्रासदी दिइरहेको प्लाष्टिकजन्य वस्तुको प्रयोग कम गर्नुमा नै मानव जातिको कल्याण रहेको छ । राष्ट्रसंघीय वातावरण कार्यक्रमको एउटा नयाँ प्रतिवेदनअनुसार सन् २०२१ मा विश्वले १३ करोड ९० लाख मेट्रिक टन प्लास्टिकजन्य फोहोर उत्पादन गरेको थियो । कुनै कदम नचालिएमा सन् २०६० सम्ममा प्लास्टिकको विश्वव्यापी उत्पादन तीनगुणाले बढ्ने अनुमान गरिएको छ । उक्त प्रतिवेदनले यो पनि भनेको छ कि अब पर्यावरणीय सन्तुलन कायम गर्न विश्वले नयाँ अभियानकै रुपमा प्लाष्टिकजन्य वस्तुको प्रयोग घटाउनुपर्ने छ । नेपालमा पनि प्लाष्टिकजन्य वस्तुको प्रयोग अत्यधिक छ । बेला–बेला प्लाष्टिकजन्य वस्तुको प्रयोगमा प्रतिबन्ध लगाउने घोषणा गरिए पनि यसको सार्थक कार्यान्वयन हुन सकिरहेको छैन ।

नेपाल सरकारले ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकका झोला उत्पादन, बिक्री वितरण र प्रयोगमा प्रतिबन्ध लगाउने घोषणा गरेको थियो । ०७८ साउन १ गतेदेखि पूर्णरुपमा प्रतिबन्ध लगाउने नीतिगत उद्घोष नै गरिएको थियो । त्यसो त सर्वोच्च अदालतले २०७८ साउन २८ गते नेपाल सरकारले घोषणा गरेको प्रतिबन्धलाई प्रभावकारी पालना गराउन कार्यान्वयन योग्य कार्ययोजना तयार गरी प्लाष्टिक झोलाको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा देशभर प्रतिबन्ध आदेश दिएको थियो । औद्योगिक कच्चा पदार्थ वा अर्ध तयारी कच्चा पदार्थको रुपमा प्रयोग हुने प्लाष्टिकजन्य कच्चा पदार्थ बाहेक ४० माइक्रोनभन्दा प्लाष्टिकको झोला वा अन्य प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा रोक लगाएको सूचना २०७८ असोज १८ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशनसमेत भएको थियो । तर कार्यान्वयनको अवस्था के छ भन्नेमा हामी भुक्तभोगी नै छौं ।

पछिल्लो समय कतिपय स्थानीय तहले यसमा ध्यान दिए पनि देशभरिको अवस्था हेर्दा प्लाष्टिकजन्य वस्तुको प्रयोगमा कमी आउन सकिरहेको छैन । मकवानपुरको बागमती गाउँपालिकाले प्लाष्टिक प्रयोग न्यूनीकरण गर्न दुना टपरी उद्योग हालै शुरु गरेको छ । यो सकारात्मक पक्ष हो । प्लाष्टिकजन्य पदार्थको प्रतिबन्धका लागि कानुनको अभाव छैन । प्लाष्टिकको झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८ लागु भएसँगै पातलो प्लाष्टिकको झोलाको प्रयोगलाई नियन्त्रण गर्ने प्रयास शुरु गरिएको थियो । प्लाष्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना २०७८ बनाएर पनि काम अघि बढाइएको छ । तर प्लाष्टिकजन्य वस्तुको प्रयोगमा कमी आएको छैन । यसलाई दुई तरिकाले अघि बढाउनु उपयुक्त हुनेछ । एकातिर कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ भने अर्कोतिर आम मानिसले जीवनशैली पनि बदल्नुपर्छ । आफूले प्रयोग गर्ने अत्यावश्यकीय वस्तु खरिदका लागि अन्य झोला प्रयोग गर्ने हो भने प्लाष्टिकको प्रयोग कम हुँदै जानेछ । सरसफाइ आनीबानीसँग पनि जोडिएकाले यसलाई वृहत सचेतना अभियानकै रुपमा अघि बढाउनु आवश्यक छ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# सहरमुखी चिन्तन र यसबाट सिर्जित समस्याहरु



◆ कृष्ण बोहरा

प्रायः मानिसहरू गाउँमा भन्दा सहरमा बस्न रूचाउँछन् । यही चिन्तनको फलस्वरूप गाउँमा जनसंख्या पातलो र सहरको जनसंख्या घना हुँदै गइरहेको छ । सहरमा पनि मानिसहरू देशको र ाजधानी काठमाडौंमा नै बस्न बढी रूचाउने गर्छन् । यदि मानिसहरूलाई यो अवसर जुरेन भने नजिकको बजार वा सदर मुकाममा आएर बस्ने लहड चल्छ । मानिसहरू अहिले त्यस्तै गरिरहेका छन् । सहरमुखी चिन्तनकै कारणले बिहेबारी सम्बन्धमा समेत व्यापक असर परेको छ । दूरदराजका गाउँका चेलीहरू अपवादबाहेक सदरमुकाम वा सहर नजिकको जिल्लामा वा सहरमा नै बिहे गरेर जान मन पराउने गर्छन् । सहर बजारका चेली दूरदराजका गाउँमा विवाह गरी गएको बिरलै पाइएला ।

यस्तै, अबका दिनमा मानिसहरू युरोप, अमेरिका जाने र बस्ने प्रतिष्पर्धा पनि त्यत्तिकै चलेको छ । यो पनि सहरमुखी चिन्तनकै अर्को रूप हो । छोरा कहाँ छ ? भनी कसैले प्रश्न गरे अमेरिकामा बस्छ । अस्ट्रेलिया र क्यानडामा बस्छ भन्न मानिसहरू ज्यादा रूचाउँछन् । यसरी दूरदराज गाउँका मानिसहरू सहर र युरोप अमेरिका पलायन हुँदै जानाले गाउँमा जनसंख्या वर्षेनि घट्दो क्रममा छ । युरोप र अमेरिका जान मानिसहरू जति पनि खर्च गर्न लालायित भएको देखिन्छ । चाहे जतिसुकै ऋण किन नलागोस् । अवैधानिक बाटो जंगलको बाटो भएर बर्षौं लगाएर अमेरिका छिर्न खोज्ने मानिसहरूको जमात पनि ठूलै रहेछ । पैतीस/छत्तीस लाख खर्चेर गएका मानिसहरू जंगलको बाटोमा बास बस्दै जाँदा जाडो र ठिहीले ज्यान गुमाउनेको कथा पनि हामीले नसुनेका होइनौं । यस्तो संख्या पनि वर्षेनि बढेको भन्ने समाचार पढ्न र सुन्न पाइन्छ ।

मल्लकालीन ऐतिहासिक घना बस्ती जसलाई सहर पनि भनिन्छ । सिन्धुपाल्चोकको तौथली जानुभयो भने प्रायः घरहरू त राम्रैसँग बनाइएको छ । तर अधिकांश घरमा ताल्चा ठोकिएको पाउनुहुनेछ । मानिस भएका घरमा पनि प्रायः बुढाबुडीहरू मात्र भेट्न सकिन्छ । यसो हुनुको कारण सबै रोजगारीको सिलसिलामा सहरमा बस्ने गर्छन् । हुन त यो अवस्था प्रायः देशभरनै उस्तै हो । रोजगारीका लागि मलेसिया कतारजस्ता खाडी मुलुकमा जानेको संख्या पनि उल्लेख्य छ । यो पनि युरोप अमेरिका जान नसक्नेहरूको अपरिहार्य बाध्यतात्मक कथा मात्र हो । प्रायः मानिसको चिन्तनको गन्तव्य त युरोप र अमेरिका नै हो ।

के मानिसहरू आफू जन्मेको ठाउँमा बस्न मन पराउँदैनन् ? त्यो त होजस्तो लाग्दैन । त्यसो हो भने मानिसहरूको सोचाइ किन सहरमुखी भयो ? भन्ने विषय खोतल्ने हो भने सबैबाट एउटै उत्तर आउन सक्छ । त्यो हो मानिसहरू अवसरहरूको खोजी गर्छन् । रोजीरोटी, स्वास्थ्य, शिक्षा आदि कुराहरू सजिलै प्राप्त होस् भन्ने प्रत्येक मानिसको चाहना त हुने नै भयो । यसबाहेक मानिस जीवनलाई सरल ढङ्गले चलाउन पाइयोस् भन्ने चाहना राख्छन् । प्रत्येक मानिस सम्भव भएसम्म शारीरिक परिश्रम ज्यादा गर्न चाहँदैनन् । यही चाहनाका कारण आधुनिक दुनियाँमा विज्ञान र प्रविधिको अथाह विकास भइरहेको छ । मानिसहरूको अथाह धन थुपार्ने चाहनाका कारण पनि मानवीय श्रम विस्थापन हुँदै जानुको कारण हो भन्न सकिन्छ । किनकि मानवीय श्रमविना स्वचालित मेसिनहरूले द्रूत गतिमा काम गर्दा धेरैभन्दा धेरै मानवीय आवश्यकताको सामानहरू उत्पादन हुने र यस्तो कारोबारमा नाफा चुलिने रहस्य भएकाले हो । यसैले विज्ञान प्रविधिको विकास हुनुको दुईवटा कारण देखियो । एउटा कारण हो मानिसहरूमा शारीरिक श्रम गर्ने चाहना कम हुनु । अर्को हो नाफा कमाउने सोच र चाहना । यसैले मानिसका यी दुई चाहनालाई पनि हामीले मान्नैपर्ने हुन्छ । संसारको विकासमा मानवीय चाहनाले उल्लेख्य भूमिका खेलेको छ । मानवमा भएका यी चाहनाहरूलाई हामी यसरी संकेत गर्न सक्छौं ।

(१) अवसरहरूको खोजी
(२) शारीरिक श्रम गर्ने चाहना नहुनु
(३) नाफा कमाउने चिन्तन

माथिका तीन कारणहरूले सहरमुखी चिन्तनको पनि विकास भयो । संसारमा ठूलाठूला सहरहरूको विकास पनि मानवीय यी तीन स्वभावको परिपूर्तिका खातिर भयो भनी हामी दावाका साथ भन्न सक्छौं । संसारमा ठूला नदी र खोलाका किनारमा मानवीय सभ्यताको विकास भएको हामी पाउँछौ । जस्तो कि मिश्रको सभ्यता, नाइल नदीको किनार मा भयो । चीनमा भएको ह्वाङ्हो नदी किनारको सभ्यता आदि । यो पनि नदी किनारमा मानिसलाई नभै नहुने पानी यथेष्ट मात्रामा पाइने भएकाले हो । ठूला औद्यौगिक सहरहरूमा जनसंख्या बाग्लो हुनुको कारण रोजीरोटीको समस्या हल हुने भएकाले हो । यसबाहेक पनि विचार गर्दा सानोतिनो व्यापार र भारी बोक्नेजस्ता काम गरेर पनि मानिसहरू सहरमा बसिरहेका छन् । कमसेकम पैसाको मुख त देख्न पाइन्छ भन्ने मानिसलाई लागिरहेको हुन्छ । यसैको कारण मानिसलाई गाउँबाट सहरतिर डोर्‍याउँछ । यसबाहेक राजनीतिक स्वरूपको रोजगारी पनि नेपालमा पाइन्छ । आजकल विनालगानीको रोजगारी भनेको राजनीति हो । राजनीति गरेर धन कमाउने चिन्तन पनि यहाँ सहरमुखी चिन्तनकै एक अंग हो भन्ने कुरा पनि हामीले बिर्सिन नहुने तथ्य हो ।

माथिका विविध कारणले मानिसमा सहरमुखी चिन्तनको विकास भएको देखिन्छ । देशमा हालको अवस्था कायम रहेमा मानिसहरू विदेश पलायन हुने क्रम पनि रोकिने छाटकाट छैन । यसबाट निकट भविष्यमै गाउँहरू शून्य हुनेछन् । अहिलेसम्म बुढाबुढी जनसंख्या गाउँमा बसेको देखिन्छ । भविष्यका बुढाबुडी गाउँमा बसेको हुने छैनन् । किनकि आजका तन्नेरी नै भविष्यका बुढाबुढी हुन् । फलस्वरूप गाउँ शून्य हुने अवस्थामा पुग्नेछ । यसले देशमा निम्न अवस्था सिर्जना हुने देखिन्छ ।

(१) रेमिट्यान्सले देशको अर्थतन्त्र जो धानीरहेको छ, त्यो अवस्था रहिरहनेछ । अझ बढ्दै जानेछ ।
(२) जनसंख्याको वृद्धि दर घट्दै जाने कुरा स्वाभाविक हुनेछ ।
(३) परनिर्भर अर्थतन्त्र बढेर जानेछ ।
(४) परनिर्भर राजनीतिक अवस्था अझ बढेर जानेछ । अस्थिर राजनीतिक अवस्था यसको विशेषता रहिरहनेछ ।

मध्यम र मझौला खालका मानिसहरूले आफ्नै देशमा केही गर्छु भनेर लाग्यो भने । गत माघ १० गते संसद् भवन अगाडि बानेश्वरमा आत्मदाहा गर्न पुगेका प्रेमप्रसाद आचार्यको नियति सबैले भोग्नुपर्छ । देशका नियम कानुनहरू, कर प्रणालीहरू गरी खानेहरूको हितमा छैनन् । इमान्दारीतापूर्वक काम गर्नेहरूको उचित मूल्याङ्कन छैन । बेइमानहरूलाई नियमन गर्ने कुनै व्यवस्था छैन । यसै त देशभित्र गरीखाने अवस्था छैन भने गाउँ त राज्यको दृष्टिमा परेकै छैन ।

यसैले माथिका समस्याहरू हल गर्ने हो भने गाउँमा अवसरहरूको सिर्जना गर्दै जानुपर्ने छ । विकसित देशहरूमा गाउँ र सहरको भेद मेटाउन गाउँमा पनि विविध अवसरहरू सिर्जना गरिएको हुन्छ । यसैले हाम्रो देशमा पनि कृषिलाई आधुनीकरण गर्दै जानु अपरिहार्य आवश्यकता बनेको छ । हिमाली, पहाडी र तराईको हावापानी माटो हेरेर कस्तो उत्पादन कुन हावापानी र माटोमा बढी फस्टाउन सक्छ । त्यो खालको उत्पादनमा जोड दिन राज्यले सघाउँदै जानुपर्छ । विशेष गरेर हिमाली क्षेत्रमा पशुपालन भैँडा च्याङ्ग्रापालन आदिमा जोड दिनु उपयुक्त हुनेछ । पहाडी क्षेत्रमा फलफूल र तराई क्षेत्रमा अनाज उत्पादमा ध्यान दिए राम्रो हुने देखिन्छ । स्याउजस्ता फलफुल हिमाली क्षेत्रमा पनि मनग्य हुन्छ । हिमाली क्षेत्र अथाह जडीबुटीको उत्पादनको भण्डार पनि हो । यस्तै, जुन क्षेत्रमा जे उत्पादन हुन्छ त्यो क्षेत्रमा त्यस्तै उद्योगको स्थापना गरी व्यापक जनसंख्यालाई रोजीरोटीको विकास गर्नु आजको आवश्यकता हो । जस्तै, हिमाली क्षेत्रमा उनी वस्तुसँग सम्बन्धित उद्योगहरू, जडीबुटी संकलन र प्रशोधनसम्बन्धी उद्योग आदि स्थापना गर्न सकिन्छ । पहाडी क्षेत्रमा फलफूलसँग सम्बन्धित उद्योग, गाँजा सिस्नु र मदिरासम्बन्धी उद्योगहरू आदि स्थापना गरी रोजगारीको अवसर सिर्जना गर्नुपर्छ । यस्तै, तराईमा खाद्यान्न र अरू अनेक प्रकारका उद्योगहरू स्थापना गरी सञ्चालन गर्न सकिन्छ । राज्यले चाहनु मात्र पर्यो । विदेशी सामानमा कडाई गर्न सक्नु पनि ज्यादा महत्वपूर्ण कुरा हो ।

आर्थिक अवसरहरूको सिर्जना नगरी निर्माण गरिने अन्य भौतिक संरचनाहरूको विकासको खासै अर्थ केही देखिँदैन । गाउँ केन्द्रित, समूह र समुदाय केन्द्रित अर्थतन्त्रमा जोड दिनसके जनतामा सन्तुष्टि र आत्मनिर्भर अवस्थाको सिर्जना गर्न सकिन्छ भन्ने लाग्छ । किनकि समुदायले चाहेको कुरो प्रायः आफैँ पूरा गर्न समूह र समुदाय सक्षम हुन्छन् र सफल बनाउन लागिपर्छन् । समूह र समुदाय हाम्रो प्राचीन सामाजिक संगठनकै आजको रूप हो । हाम्रो संविधानमा लेखिएको समाजवादमा पुग्न सक्ने सजिलो बाटो पनि त्यही हो भन्ने कुरामा दुईमत हुने छैन ।

# ८ संकेत जसले शरीर स्वस्थ रहेको थाहा पाउन सकिन्छ

मेरो शरीर स्वस्थ छ कि छैन होला ? यो प्रश्न सायद हरेक व्यक्तिको मनमा आउने गर्छ । शरीर स्वस्थ हुनको लागि रोगप्रतिरोधात्मक क्षमता राम्रो हुनु जरूरी हुन्छ । त्यसैले रोगप्रतिरोधात्मक क्षमतालाई आयुर्वेदमा सधैं महत्व दिइन्छ ।

पेट सफा छ, तौल ठीक छ, छाला सफा छ, अल्छी लाग्दैन, भोक राम्रो छ, निद्रा राम्रो छ, शरीरमा कतै दुखाइ छैन र मन खुसी छ भने हामी आफूलाई स्वस्थ ठान्छौं । तर स्वस्थको यी आठ लक्षण देखिएन भने आत्तिनुपर्दैन । आफ्नो दैनिक दिनचर्या र खानपानमा परिवर्तन गरेर स्वास्थ्यको मापदण्ड हासिल गर्न सकिन्छ ।

### चम्किलो छाला

शरीर स्वस्थ र सन्तुलित भयो भने छाला पनि स्वस्थ र चम्किलो हुन्छ । मानिसको स्वास्थ्य जति राम्रो हुन्छ, अनुहार लगायत सम्पूर्ण शरीरको छाला त्यति नै स्वस्थ र चम्किलो हुन्छ । छालाको चमक बढाउन प्रशस्त पानी पिउनुपर्छ । दैनिक एक गिलास मनतातो कागती पानी पिउनुहोस् र दिनभर तीनदेखि चार लिटर पानी पिउने बानी बसाल्नुपर्छ ।

नियमित योग, व्यायाम र सन्तुलित र सात्विक आहारले बाँकी रहेका कमजोरीहरू पूरा गरी छालालाई चम्किलो बनाउँछ ।

### तौल नियन्त्रण

वंशाणुगत र हार्मोनल कारणबाहेक तौल बढ्नुको अन्य मुख्य कारण खाना र व्यायाबीचको असन्तुलन हो । हामीले दिनभरि खाएको खानाबाट प्राप्त भएको क्यालोरीलाई व्यायाम र शारीरिक गतिविधिमार्फत खर्च गर्दैनौं भने त्यो शरीरमा अतिरिक्त वजनको रूपमा भण्डारण हुन्छ । यदि हामीले सन्तुलित खानासँगै दैनिक व्यायाम गर्‍यौं भने तौल नियन्त्रण हुन्छ ।



### ठीक समयमा भोक

यदि कसैलाई खाना खाने समयमा भोक लाग्दैन भने उनीहरू पूर्ण रूपमा स्वस्थ हुन सक्दैनन् । सधैं केही न केही खाइरहने, खानाको निश्चित समय नहुने र भोक लागेभन्दा बढी खानेकुरा खाने व्यक्ति कडा भोकको आनन्दबाट वञ्चित हुन्छन् । खानाको समय नमिल्दा ग्यास्ट्रिक र मोटोपनको समस्या निम्तिन्छ । यदि ठीक समयमा भोक लाग्छ भने तपाईं स्वस्थ हुनुहुन्छ भन्ने लक्षण हुन्छ । त्यसैले सही समयमा खाना खानु पनि महत्त्वपूर्ण हुन्छ ।

### गहिरो निद्रा

स्वस्थ रहनका लागि गहिरो र पर्याप्त निद्रा पनि आवश्यक हुन्छ । गहिरो निद्रा शरीरको मांसपेशीलाई मर्मत गर्न र शरीरलाई स्फूर्ति प्रदान गर्न महत्त्वपूर्ण हुन्छ । त्यसैले गहिरो निद्राको लागि दिनभरि शरीर र दिमाग दुवैलाई सक्रिय राख्नुपर्छ । सुत्नुअघि आफ्नो दिमाग शान्त राख्ने, सुत्नुभन्दा एक घण्टा अगाडि टिभी र मोबाइलबाट टाढा रहने गरियो भने राम्ररी निदाउन सकिन्छ ।

### खुसीको भावना

मन उदास रह्यो भने शरीर स्वस्थ रहन सक्दैन । त्यसैले मन खुसी हुनु जरूरी छ । मन दुई किसिमले खुसी हुन्छ– स्वस्थ शरीर र सकारात्मक सोच । योग, व्यायाम र सन्तुलनको माध्यमबाट शरीरलाई जति फिट बनाउन सकिन्छ, त्यति नै दिमाग प्रसन्न हुन्छ । सकारात्मक सोचले दिमागमा पनि सकारात्मक प्रभाव पार्छ । सकारात्मक सोचका लागि ध्यान र प्राणायामको अभ्यास सबैभन्दा प्रभावकारी हुन्छ ।

### शरीरमा कुनै प्रकारको दुखाइ छैन

शरीरमा कुनै पनि प्रकारको दुखाइ छ भने त्यो स्वस्थ शरीरको लक्षण होइन । त्यसैले शरीरमा कुनै प्रकारको दुखाइ छ कि छैन भन्ने कुरामा ध्यान दिनुपर्छ । यदि शरीरको अंगमा कुनै पनि प्रकारको दुखाइ छ भने के कारणले दुखेको हो भन्ने कुरा पहिचान गरेर समयमा उपचार गर्नुपर्छ ।

### शरीरमा आलस्य छैन

यदि शरीर आलस्य हुन्छ भने त्यो पनि स्वास्थ्य शरीरको लक्षण होइन । शरीरलाई स्वस्थ राख्न आलस्यता हटाउनुपर्छ । सात्विक भोजन, ध्यान, योग, व्यायाम र प्राणायामलाई दैनिक जीवनको हिस्सा बनाइयो भने शरीरमा आलस्यता रहँदैन ।

### स्वस्थ पेट

दिसा नियमित र सहज तरिकाले हुन्छ भने त्यो स्वस्थ शरीरको लक्षण हो । सन्तुलित खाना र नियमित योग गरियो भने हाम्रो पेट स्वतः सफा हुन्छ । साथै दैनिक तीनदेखि चार लिटर पानी पिउनु पर्छ ।

पेटलाई स्वस्थ भुजंगासन, बालासन, पवनमुक्त आसन, वज्रासन, धनुरासन र योग मुद्राको विशेष अभ्यास गर्न सकिन्छ । यी योगासनले कब्जियतको समस्याबाट पनि छुटकारा दिन्छ ।

# भावनात्मक रुपमा बालबालिकालाई बलियो बनाउने ६ उपाय

आजभोलि हरेक क्षेत्रमा प्रतिस्पर्धा निकै बढेको छ । यस्तो अवस्थामा बच्चालाई शारीरिक र भावनात्मक रूपमा बलियो बनाउनु अभिभावकको दायित्व हो । यदि बच्चा भावनात्मक रूपमा बलियो छ भने उसले हरेक कठिनाइलाई सजिलै पार गर्न सक्छ ।

भावनात्मक रूपमा बलियो हुनुले बच्चालाई समस्याहरूको सामना गर्न सक्षम बनाउँछ । साथै, उनीहरू चुनौती र असफलतामा पनि हार मान्दैनन् र निरन्तर प्रयास जारी राख्छन् । बच्चा भावनात्मक रूपमा बलियो हुनु धेरै महत्वपूर्ण छ । किनकि जो बच्चा भावनात्मक रूपमा बलियो हुँदैनन्, उनीहरूले परीक्षामा कम अंक ल्याउँदा पनि ठूलै गल्ती गरे भन्ने ठान्छन् ।

यस्तो अवस्थामा आमाबाबुले बच्चालाई बाल्यकालदेखि नै भावनात्मक रूपमा बलियो बनाउनु अति आवश्यक छ । त्यसका लागि अभिभावक आफैं पनि भावनात्मक रूपमा बलियो हुनुपर्छ । किनकि अभिभावकलाई हेरेर नै बच्चाले धेरै कुरा सिकिरहेका हुन्छन् ।

## बच्चालाई भावनात्मक रुपमा बलियो कसरी बनाउने ?

### बच्चालाई गाली नगर्ने

बच्चालाई भावनात्मक रूपमा बलियो बनाउने तरिका उसलाई सानो–सानो कुरामा गाली गर्नु होइन । सानातिना गल्तीका लागि बच्चालाई हप्काउनुभयो भने त्यसले बच्चालाई भावनात्मक रूपमा कमजोर बनाउँछ र उसको आत्मविश्वास घट्न थाल्छ ।

बच्चाले केही गल्ती गर्दा उसलाई त्यही गल्ती फेरि नगर्न प्रोत्साहित गर्नुपर्छ । साथै, यदि बच्चाले कुनै काम गर्न मान्दैन भने उसलाई मायापूर्वक सम्झाइबुझाइ गर्नुपर्छ । बच्चाले आफ्नो कुरा खुलेर भन्न सक्ने वातावरण सिर्जना गरिदिने अभिभावकले बेलाबेलामा आफ्नो कुरा बच्चालाई सुनाउने र उसको कुरा पनि सुनिदिने गर्नुपर्छ । यस्तो गर्दा बच्चाले यो कुराले मलाई शारीरिक, मानसिक र भावनात्मक रूपमा असर गरेको छ भनेर अभिभावकलाई बताउन सक्छ । बच्चाले बताएको सबै कुरालाई राम्ररी सुनिदिएर तिम्रो साथमा हामी छौं भनिदिंदा पनि उनीहरू भावनात्मक रूपमा बलियो हुन्छन् ।

बच्चाहरू जब किशोरावस्थामा पुग्छन् त्यो बेला उनीहरू धेरै भावनामा बहकिने हुन सक्छ । त्यो बेला उनीहरूलाई भावनालाई कसरी नियन्त्रण गर्ने भन्ने कुरा सिकाइयो भने पनि उनीहरू भावनात्मक रूपमा बलियो हुन्छन् ।

### बच्चालाई समयको महत्व सिकाउने

समय बित्दै जाँदा प्रविधिमा तीव्र परिवर्तन भइरहेको छ । साथै बालबालिकाको व्यवहार र आत्मविश्वासमा पनि परिवर्तन देखिएको छ । आजको समयमा बालबालिकाले सानैदेखि धेरै कुरा सिक्छन् । यस्तो अवस्थामा बच्चालाई सही समयमा सही काम गर्न प्रोत्साहन दिनुपर्छ । उनीहरूलाई समयको महत्त्व बुझाउनुपर्छ । यसले बच्चामा आत्मविश्वास पैदा गर्नेछ ।

### समस्या समाधान गर्ने सीप सिकाउने

जीवन चुनौतीहरूले भरिएको छ । त्यसैले बच्चालाई ती चुनौतीसँग कसरी लड्ने भनेर सिकाउनु आवश्यक छ । उनीहरूलाई निर्णय प्रक्रियामा समावेश गराएर समस्या समाधान गर्ने सीप विकास गर्न मद्दत गर्नुपर्छ । बच्चालाई आलोचनात्मक रूपमा सोच्न र दैनिक समस्याको समाधान गर्न प्रोत्साहन दिनुपर्छ ।

### सकारात्मक सोचको विकास गर्न सहयोग गर्ने

बच्चाहरूमा सकारात्मक सोचको विकास गर्नु पनि महत्त्वपूर्ण हुन्छ । हरेक चुनौतीलाई पार गर्ने उपाय हुन्छन् । त्यसैले लगातार प्रयास, लगनशीलता र गल्तीबाट सिक्ने क्षमतालाई बढाउनुपर्छ । सिकाइ प्रक्रियाको स्वभाविक भागको रूपमा चुनौतीहरूलाई स्वीकार गर्ने मानसिकता विकास गरेर, बालबालिकाहरूले लचिलोपन र अवरोधहरूबाट पुनः प्राप्ति गर्ने क्षमता विकास गर्छन् ।

### परिवारको महत्व बुझाउनुहोस्

बलियो, सकारात्मक सम्बन्ध निर्माण गर्न भावनात्मक बल आधारशीला हो । आफ्ना बच्चालाई परिवार र साथीहरूसँग राम्रो सम्बन्ध विकास गर्न प्रोत्साहन गर्नुपर्छ । बच्चालाई अरूसँग राम्रो सम्बन्ध बनाउँदाका फाइदा बताउनुपर्छ । परिवार, साथीभाइ र सहकर्मीको सहयोगले बच्चाले हरेक कठिन परिस्थितिबाट सजिलै बाहिर निस्कन सक्छन् ।

आमाबाबु बच्चाका लागि रोल मोडल हुन् । यस्तो अवस्थामा बच्चालाई हरेक चरणमा साथ दिनुपर्छ । उसलाई केही नयाँ काम गर्न को लागि उत्प्रेरित गर्नुपर्छ । उनीहरूलाई राम्रो व्यक्ति बन्न प्रोत्साहन दिनुहोस् ।






जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# ओझेलमा पर्दैछ, नेपालकै पहिलो मानवअधिकार स्तम्भ

◆ विकास संवाददाता

२४ मंसिर अर्थात १० डिसेम्बर अर्थात ७५ औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस । यस अवसरमा देशभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ ।

तर, मकवानपुर भिमफेदी गाउँपालिका वडा नम्बर ९ मैत्री बगैचामा रहेको नेपालकै पहिलो मानवअधिकार स्तम्भ जहिल्यै छायाँमा छ । नेपालकै पहिलो मानवअधिकार स्तम्भको रूपमा सन् १९९८ मा उक्त स्तम्भ स्थापना गरिएको हो । स्तम्भमा मानव अधिकारको अन्तरराष्ट्रिय विश्वव्यापी घोषणापत्रमा उल्लेख भएको ३१ धाराको पूर्ण पाठ स्तम्भमा उल्लेख गरिएको छ । स्तम्भ अहिले जीर्ण अवस्थामा छ ।

तत्कालीन सांसद् हिरण्यलाल श्रेष्ठको पहलमा उक्त स्तम्भ निर्माण गरिएको हो । अहिले मैत्री बगैचालाई भीमफेदी गाउँपालिकाले पार्ककै रूपमा निर्माण गरि रहेको छ । यद्यपि मानवअधिकार स्तम्भलाई पनि थप प्रचार प्रसार गर्न सके आजको दिन उक्त स्थानमा मानवधिकारवादीहरूको भेला भइ समिक्षा गर्ने स्थलको रूपमा परिचित गराउन सकिने जानकारहरू बताउँछन् ।



# चार महिनामा अख्तियार हेटौँडा कार्यालयमा ९ सय ४ उजुरी

◆ विकास संवाददाता

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौँडामा चालु आर्थिक वर्ष (आव)को पहिलो चौमासिकमा विभिन्न माध्यमबाट प्राप्त भएका ९०४ उजुरी परेको छ । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ८८० सहित एक हजार ७८४ उजुरी परेको छ । यो संख्या कार्तिक मसान्तसम्मको हो ।

अख्तियारको कार्यालय हेटौँडाले गत आवको १७८ र चालु आवको ३१० सहित ४८८ उजुरी फछ्र्यौट गरेको छ भने एक हजार २९६ उजुरी फछ्र्यौट गर्न बाँकी रहेको सूचना अधिकारी गोविन्द प्रसाद गौतमले जानकारी दिए । अख्तियारको कार्यालय हेटौँडाका अनुसार राजस्व हिनामिना सम्बन्धी ६७५ उजुरी परेकोमा १५३ वटा उजुरी फछ्र्यौट भएको छ । गैरकानुनी लाभहानी सम्बन्धी ४२४ उजुरी परेकोमा १०९, सार्वजनिक खरिद निर्माण सम्बन्धी ३३२ उजुरी परेकोमा ७८, विविध २२१ उजुरी परेकोमा ९६ उजुरी फछ्र्यौट भएको हो । त्यस्तै भूमि सम्बन्धी ९१ उजुरी परेकोमा २६, गैर कानुनी सम्पत्ति सम्बन्धी २० उजुरी परेकोमा १४, शैक्षिक प्रमाणपत्र सम्बन्धी १६ उजुरी परेकोमा ९, घुस/रिसवत सम्बन्धी ५ उजुरी परेकोमा ३ वटा उजुरी फछ्र्यौट भएको सूचना अधिकारी गौतमले जानकारी दिए ।

त्यस्तै स्थानीय तह (संघीय मामला) को ९९७ उजुरी परेकोमा २५७ फछ्र्यौट भएको छ । स्थानीय तह (शिक्षा) ३१२ उजुरी परेकोमा ८३, प्रदेश भौतिक पूर्वाधार विकास (भौतिक पूर्वाधार र यातायात मन्त्रालय मात्र) को १०९ उजुरी परेकोमा २६, भूमि व्यवस्था सहकारी तथा गरिबि




निवारणको ९६ उजुरी परेकोमा ३२ र प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरणको ५९ उजुरी परेकोमा १९ वटा उजुरी फछ्र्यौट भएको छ भने अन्य २११ उजुरी परेकोमा ७१ उजुरी फछ्र्यौट भएको तथ्याङ्क छ ।

अख्तियारको कार्यालय हेटौँडामा गत आवबाट सरेर आएको र यस आवको उजुरी सबैभन्दा धेरै बारा र कम रसुवा जिल्लाको परेको छ । तथ्याङ्क अनुसार बाराको ५०८, रौतहटको ४०८, पर्साको ३५८, मकवानपुरको ३२०, चितवनको १४२ उजुरी परेको छ । त्यस्तै धादिङको १५, दोलखाको ९, नुवाकोटको ९, काभ्रेपलाञ्चोकको ९, सिन्धुपाल्चोकको ५, रामेछापको ४ र रसुवा जिल्लाको ३ वटा उजुरी अख्तियारको कार्यालय हेटौँडामा परेको हो ।

आयोगमा परेका उजुरीहरू र आयोगले दायर गरेका आरोपपत्रहरूका अनुसार गैरकानुनी लाभ वा हानी नोक्सानी पुर्याउने, घुस/रिसवत लिने दिने, सार्वजनिक सम्पत्तिको हिनामिना र दुरूपयोग गर्ने, गैरकानुनी सम्पत्ति आर्जन गर्ने, झुठा/नक्कली शैक्षिक प्रमाणपत्र लिई व्यक्तिलाई लाभ पुयाई सरकारी कोषको. दुरूपयोग गर्ने, सरकारी राजश्व चुहावट तथा मस्यौट गर्ने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउने, परीक्षाको गोपनीयता भंग गर्ने, परिणाम फेरबदल गर्ने जस्ता भ्रष्टाचारका प्रवृत्तिहरू रहेको देखिन्छ ।

अख्तियारमा सबैभन्दा धेरै इमेल मार्फत उजुरी परेको छ । अख्तियारको तथ्याङ्क अनुसार लिखित निवेदन, टेलिफोन, हुलाक सेवा, समाचारपत्र भाइवर र फेसबुकको माध्यमबाट उजुरी दर्ता हुने गरेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौँडामा बारा, रौतहट, पर्सा, मकवानपुर, चितवन, धादिङ, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप र दोलखाबाट उजुरी परेको र सो उजुरी कार्वाही गर्ने गर्दै आईरहेको छ ।

# पंगेनीले गीत गाउँदा दर्शकको आँशु थामिएन

◆ विकास संवाददाता

'थाहा महोत्सबमा २३ गते को कलाकार आउने हो ?'
'बद्रि पंगेनी'

यसपछि उनीहरू भन्थे, 'पंगेनीले गीत गाउँदा फेरि २०७३ सालमा जस्तै आमाहरू रूने भए ।'

नभन्दै त्यही भयो । स्टेजमा माइक समाउने वित्तिकै पंगेनीले आफूले गाउने गितहरूको झल्को दिए, रातो पछ्यौरी अनि तातो पछ्यौरी, ससुरालीमा .. यस्तै यस्तै । 'स्टेज अघिल्तिर आमाहरू देखेपछि मलाई घरको याद आउँछ, आमाको याद आउँछ, परदेशिएका छोराहरूको याद आउँछ'–गायक पंगेनीले सुनाए ।

पंगेनी परदेश जानुको बाध्यतालाई भावुक हुँदै बोलिरहेका थिए । उनले गीत शुरू नगर्दै दर्शक भावुक बनिसकेका थिए, आमाहरूको गहमा आँसु टिल्पिलाउन थालिसकेको थियो । पंगेनीले गाए–'बिदा पाउँदिन आमा बिदा पाउँदिन, अहिलेको साल पनि घर आउँदिन ।'

युवाहरू समेत स्तब्ध थिए । अब त झन् गायक पंगेनी मञ्चबाट तल नै आए । पंगेनीले आफू पनि टुहुरो भएको र बुढापाका देख्ने वित्तिकै मेरै आमा बा जस्तो लाग्छ भनिरहँदा आमाहरू भक्कानीसकेका थिए । दर्शकहरू नजिकै र आमा उमेरका महिलाहरू नजिकै पुगेर गित गाए । उनीहरू आँशु खसालिरहेका थिए । बद्रिले गाए–'आमा तिमीले नझार आँशु, तिमी रोए कसरी म हाँसु ।'



थाहा नगरको इन्द्राायणी चौरमा भइरहेको चौथो थाहा महोत्सवमा प्रशिद्ध गायक बद्रिं पंगेनी आएका थिए । उनले महोत्सबमा उपस्थितलाई आग्रह गरे, 'यो यथार्थ हो, नेपालीको अवस्था यस्तै छ । बरू अब छोरा फर्केपछि फेरि बिदेश नपठाउनुहोस् । बरू एक छाक खाएर बसौंला ।' अझ मञ्चमै रहेका थाहानगरका नगर प्रमुख विष्णु बहादुर विष्टको ध्यानाकर्षण गराउँदै भने–'तपाई नगर पिता, मान्छे विदेश नजाने के कार्यक्रम ल्याउनु भएको छ ?'

त्यसो त पंगेनीले त्यसपछिको प्रस्तुतिमा केही रमाइला गीत गाएका थिए । पंगेनीसंगै महोत्सवको २३ मंसिरको प्रस्तुतिमा शिव परियार, रचना रिमाल लगायतका राष्ट्रिय तथा स्थानीस्य कलाकारहरूको प्रस्तुति रहेको थियो ।

# राक्सिराङमा एउटै वडाका २५ घरधुरिलाई मौरी सहितको घार

◆ विकास संवाददाता

राक्सिराङ गाउँपालिका वडा नम्बर ५ का २५ घरधुरिलाई मौरी सहितको घार बितरण गरिएको छ । नारीसीप सिर्जनाकेन्द्र नेपालको साझेदारिमा संचालित मकवानपुरमा सुरक्षित स्थानागमन प्रवर्द्धन परियोजना अन्तर्गत राक्सिराङ गाउँपालिका वाड नंम्बर ५ बोटवारी र साचकका २५ घरधुरीलाई मौरी सहितको घार बितरण गरिएको हो । बुधबार दुई छुट्टाछुट्टै स्थानमा भएको बितरण कार्यक्रममा साचकटोलमा ११ घर र बोटबारीमा १४ घर गरी २५ घरलाई बितरण गरिएको फिल्ड संयोजक गीता अर्यालले जानकारी दिइन् ।

कार्यक्रमले बिपन्न चेपाङ समुदायलाई समेटेको र मौरी पालनबाट उनीहरूको आर्थिकस्तर बढ्ने उद्देश्यले मौरी सहित घार बितरण गरिएको परियोजना संयोजक ज्योति बम्जनले बताइन् । सेरेना जातका मौरी प्रतिघर २/२ वटा घार बितरण गरिएको हो । मकवानपुरमा सुरक्षित स्थानागमन प्रबर्द्धन परियोजना कार्यक्रम अन्तर्गत मौरीघार प्राप्त गर्ने बिपन्न परिवारका सदस्यलाई यस अघि नै हेटौंडामा मौरीपालनसम्बन्धी तालिम प्रदान गरि सकेको थियो । परियोजनाले जीबिकोपार्जन अन्तर्गत तालिमपस्चात बाख्रा, मौरी, बंगुर बितरण गर्दै आईरहेकोछ ।

त्यस्तै गरी कृषितर्फ सिंचाइ निर्माण, तालिम, बीउ, टर्नेललगायत अन्य क्षेत्रमा सहयोग र बजार ब्यबस्थापनमा समेत सहयोग गर्दै आइरहेको छ । मानव बेचबिखन नियन्त्रण तथा सुरक्षित आप्रबासन सम्बन्धी सचेतना गाउँगाउँमा पु¥याउदै आइरहेको परियोजनाले राक्सिराङ गाउँपालिकाको ७ वटा वडालाई कार्यक्षेत्र बनाउदै कार्यक्रम संचालन गर्दै आईरहेको छ । परियोजनाले यस कार्यक्रमको लगत्तै डिसेम्बरमा राक्सिराङ–८ देबीटारमा १६३ मिटर र राक्सिराङ–३ को दमारमा पक्की नहर निर्माणको कार्यलाई अगाडि बढाउन लागिएको बताइएको छ ।

मौरीसहितको घार बितरण कार्यक्रममा राक्सिराङ–५ का वडाअध्यक्ष हरिबहादुर प्रजाको प्रमुख आतिथ्यतामा रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रजाले बिपन्नतासँग लड्न परियोजनाले ठूलो सहयोग गरेको बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहा महोत्सवमा कृषि प्रदर्शनी: ७ समूहका २१ कृषक पुरस्कारका लागि छनोट



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा सञ्चालित चौथो थाहा महोत्सवमा आयोजित कृषि मेला प्रदर्शनीमा राखिएका विभिन्न कृषि उपजहरूको नतिजा सार्वजनिक गरिएको छ । थाहानगरका करिब डेढसयको हाराहारीमा सहभागिता जनाएको कृषकहरू मध्येबाट पुरस्कारका लागि नतिजा सार्वजनिक गरिएको हो । थाहा नगरपालिकाले प्रदर्शनीका कृषि उपजहरूलाई विभिन्न सात समूहमा विभाजन गरी पुरस्कृत गर्न छनोट गरेको जनाएको छ ।

उपजहरूको प्रत्येक समूहबाट पहिलो, दोस्रो र तेस्रो गरी ३/३ जना किसानलाई पुरस्कृत गर्न लागिएको थाहा नगरपालिकाका कृषि विकास शाखा प्रमुख संजय तिवारीले जानकारी दिए । थाहा नगरपालिकाले सार्वजनिक गरेको प्रदर्शनीको नतिजा अनुसार काउली तथा जरे बालीतर्फ थाहा २ को सुमित्रा घलानको काउली प्रथम भएको छ । थाहा ३ को राजकुमार घिसिङको ब्रोकाउली द्वितीय र थाहा १ को अनिता सिन्तानले उत्पादन गरेको मुला तृतीय भएको छ । फलफूल समूहको तरकारी बालीतर्फ थाहा २ को साननानी ढकालले उत्पादन गरेको फर्सी प्रथम भएको छ भने थाहा ६ को थाहा सिडको अकबरे द्वितीय र थाहा ४ को कुमार कार्कीले उत्पादन गरेको लौका तृतीय भएको छ । कन्दमूल बालीतर्फ थाहा २ को कृष्ण कार्कीले उत्पादन गरेको पिडालु प्रथम, थाहा १२ को देउती मायाँ आलेले उत्पादन गरेको पिडालु द्वितीय र थाहा २ को डोल कुमारी ढकालले उत्पादन गरेको बेसार तृतीय भएको छ ।

त्यस्तै फलफुल बालीतर्फ थाहा १२ को भक्त बहादुर आले मगरले उत्पादन गरेको एभोकाडो प्रथम भएको छ । थाहा १२ कै क्षेत्र बहादुर आलेले उत्पादन गरेको सुन्तला द्वितीय र थाहा ६ को मजिरमान महर्जनले उत्पादन गरेको किबी तृतीय भएको छ । आलु बीउतर्फ थाहा २ को भवानी धमालले उत्पादन गरेको कार्डिनल आलु प्रथम, थाहा ४ को रेशम बहादुर विष्टले उत्पादन गरेको कार्डिनल आलु द्वितीय र थाहा ३ का सानोभाइ खड्काले उत्पादन गरेको पर्पल टप आलुको बीउ तृतीय भएको छ । अन्न बालीतर्फ थाहा २ को शिविराम कार्कीले उत्पदन गरेको देउती मकै प्रथम, थाहा २ कै पार्वती ढकालले उत्पादन गरेको देउती मकै द्वितीय र थाहा २ की रीता कुमारी थापाले उत्पादन गरेको कोदो तृतीय भएको छ भने अन्य बालीतर्फ थाहा १२ को दुर्गा बहादुर आले मगरले उत्पादन गरेको कफी प्रथम, थाहा ६ को बाराही मौरी घारको सेरेना मौरी द्वितीय र थाहा १२ कै भक्त बहादुर आले मगरले उत्पादन गरेको कफी तृतीय भएको छ ।

प्रदर्शनीमा प्रथम, द्वितीय र तृतीय हुने कृषि उपज उत्पादक किसानहरूलाई २५ मंसिरमा थाहा महोत्सव समापन अवसरमा पुरस्कार वितरण गरिने थाहा नगरपालिका कृषि विकास शाखा प्रमुख तिवारीले जानकारी दिए ।

# पालुङ जेसीजको सप्ताह समापन

◆ विकास संवाददाता




मकवानपुरको थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसीजको सप्ताहव्यापी कार्यक्रम सकिएको छ । आइतबार सम्पन्न कार्यक्रम संयोजक मानसिंह दोङको संयोजकत्व एवम् शाखा अध्यक्ष संगम कार्कीको अध्यक्षतामा भएको हो ।

कार्यक्रममा स्थानीय क्याम्पस प्रथम भएकी विद्यार्थी अनुषा प्रधान, डाक्टरद्वय गगन कार्की र पवन कार्की, स्वर्ण पदक विजेता खेलाडी रोजन मोक्तान र थाहानगर उद्योग वाणिज्य संघमा निर्वाचित जेसीजका पदाधिकारीलाई सम्मान गरिएको थियो । जेसीजका पूर्व अध्यक्ष एवम् थाहा नगरपालिकाका उपमेयर भरत गोपालीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमम पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकाल, देवचुली जेसीज अध्यक्ष गणेश सापकोटा, हेटौंडा लेडी जेसीज अध्यक्ष दिलु घर्ती, पालुङ जेसीजका पूर्वअध्यक्ष सानोभाइ कार्की र धर्मलाल प्रधान, मुल कार्यक्रम संयोजक अन्जय प्रधान, कार्यकारिणी उपाध्यक्ष दीपा बललगायतले मन्तव्य व्यक्त गरेका थिए । यस्तै, कार्यक्रममा बस्तिपुर जेसीज अध्यक्ष प्रेमबहादुर गोङ्बा, मकवानपुरगढी जेसीज प्रस्तावितका अध्यक्ष पुष्पराज पुडासैनी, चैनपुर जेसीज प्रस्तावित अध्यक्ष गणेशदर्पण अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

# जग्गा संरक्षण गर्न वडा कार्यालयको आव्हान

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ३ ले प्रकाशन गरेको एउटा सूचना अहिले साामजिक सञ्जालमा भाइरल भएको छ । वडा कार्यालयले १३ मंसिरमा प्रकाशन गरेको सार्वजनिक जग्गा संरक्षण सम्बन्धी ३५ दिने सूचना भाइरल भएको हो ।

वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीद्वारा हस्ताक्षरित सूचनामा थाहा नगरपालिकाको वडा नम्बर ३ को क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा संरक्षणका लागि प्रयोग भैरहेको जग्गा ३५ दिन भित्र खाली गर्न भनिएको छ । वडामा रहेको धार्मिक, सामाजिक महत्व बोकेको सार्वजनिक जग्गा नापजाँच गरी संरक्षण गर्ने भएकोले भोग चलन गरी बसोबास गरिरहेको भएपनि खाली गर्न सूचनामा भनिएको छ ।

# आग्राको गैरीगाउँ-दामगाडे-मोरिया-महादेववेशीको कामले गति लियो-अध्यक्ष थिङ



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका र धादिङको थाक्रे गाउँपालिकाको महादेववेशी जोड्ने पक्की सडक (कालोपत्रे) का लागि धमाधम काम भैरहेको छ । काष्ठमण्डप कन्स्ट्रक्शनले ठेक्का पाएको उक्त सडकको कटिङ, नाला लगायतको काम द्रुत गतिमा भैरहेको थाहा नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष हेम कुमार थिङले जानकारी दिए । अध्यक्ष थिङले निर्माणाधिन उक्त सडकको अनुगमन पश्चात् यस्तो प्रतिक्रिया दिएका हुन् ।

अनुगमन पश्चात् थाहा नगरपालिकाकै गौरबको रूपमा रहेको उक्त सडक सम्झौता अवधिमै निर्माण सम्पन्न हुने अध्यक्ष थिङले विश्वास व्यक्त गरे । अहिले दामगाडे मोरिया सडक खण्डमा काम भैरहेको छ । डाँडाबास-गैरीगाउँ-दामगाडे-मोरिया-महादेववेशी सडकलाई एकमुष्ट ९९ करोड ९८ लाख १५ हजार ७७७ विनियोजन भएकोमा धादिङ र मकवानपुर दुवैतिरबाट निर्माण थाल्ने गरी स्वीकृत बजेटको पचास-पचास प्रतिशत रकमको मकवानपुर र धादिङतर्फका लागि टेण्डर भई काम शुरू भएको हो ।

थाहा नगरपालिकाले पालिकाका नागरिकलाई राष्ट्रिय राजमार्गमा जोड्दै संघीय राजधानीसम्म सडक पहुँच विस्तार गर्न पालिकाको गौरवको योजनाको रूपमा उक्त सडकलाई आर्थिक वर्ष २०७८/०७९ मै राष्ट्रिय योजना आयोग समक्ष प्रस्ताव गरको थियो । यस सडक थाहा नगरपालिकाको वडा नम्बर ७, ८ हुँदै धादिङको थाक्रे गाउँपालिकाको वडा नम्बर ३ मा जोडिनेछ भने थाक्रे २ नम्बर वडालाई समेत उक्त सडकले सहजता हुने वडाध्यक्ष थिङले बताए ।

कुल २७ किलोमीटर लामो सो सडकका लागि पहिलो वर्ष २० प्रतिशत काम सम्पन्न हुनेछ भने दोस्रो वर्ष ३५ र तेस्रो वर्ष ४५ प्रतिशत काम सम्पन्न गरी सडकलाई पूर्णता दिइने राष्ट्रिय योजना आयोग बागमती प्रदेशले जनाएको छ । वर्षेनी वर्खाको बेला यातायात सेवाबाट विच्छेद हुनुपर्ने थाहानगरको आग्रा क्षेत्रका बासिन्दाका लागि उक्त सडक योजना बरदान सावित हुने अध्यक्ष थिङको भनाइ छ । उक्त सडकको क्षेत्राधिकार दायाँबायाँ १५/१५ मिटर रहेको छ ।

# भीमफेदीका किसानलाई कोदो उत्पादनमा अनुदान

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिकाले कोदो खेती गर्ने किसानहरूलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान रकम वितरण गर्ने भएको छ । गाउँपालिकाले सम्बन्धित वडा कार्यालयबाट अनुदान रकम वितरण गर्ने भएको हो ।

गाउँपालिकाले एक सूचना प्रकाशित गरेर सम्बन्धित वडामा गएर अनुदान वापतको रकम लिन कोदो उत्पादन गर्ने किसानलाई अनुरोध गरिएको छ । सूचनामा अनुदान वापतको रकम लिनको लागि आवश्यक कागजात सहित तोकिएको मितिमा सम्बन्धित वडा कार्यालयमा उपस्थित हुन अनुरोध गरिएको छ ।

भीमफेदी गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८०/०८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार उक्त गाउँपालिकाको ३ देखि १५ रोपनीसम्म कोदो खेती गर्ने कृषक वा कृषि फर्मलाई अनुदान दिन लागिएको हो । सूचना अनुसार मंसिर २५ गते ४ नम्बर वडा कार्यालय चिउरी बगैंचामा, मंसिर २७ गते ३ नम्बर वडा कार्यालय झल्कनेमा, मंसिर २९ गते २ नम्बर र ८ नम्बर वडा कार्यालयमा, पुस १ गते १ नम्बर वडा कार्यालय सानुटारमा र पुस २ गते वडा नम्बर ५ र वडा नम्बर ६ को लागि भिमफेदी गाउँपालिकाको कार्यालयमा अनुदान रकम प्रदान गरिनेछ ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा


जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

विकास खबरपत्रिका साप्ताहिक
www.bikaskhabar.com
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०८० मंसिर २५ गते सोमबार, 11 Dec., 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# थाहानगरका रायमाझीलाई उत्कृष्ट समाजसेवी सम्मान, खेलकुदमा दोङ

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले आफ्नो वार्षिक समिक्षाको अवसरमा थाहा नगरपालिकाका युवा समाजसेवी यादव जंग रायमाझीलाई हेटौंडामा सम्मान गरेको छ । जिल्ला समन्वय समितिले विभिन्न विधाका उत्कृष्ट व्यक्तित्वहरूलाई सम्मान गर्ने क्रममा समाजसेवी विधामा थाहाका रायमाझीलाई १८ मंसिरमा सम्मान गरेको हो ।

समाजसेवाको क्षेत्रमा उत्कृष्ट योगदानको कदर गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा बागमती प्रदेश सरकारका आर्थिक मामिला मन्त्री बहादुर सिंह लामाले रायमाझीलाई सम्मान गरेका हुन् । त्यस्तै खेलकुद क्षेत्रमा उत्कृष्ट योगदान गर्ने थाहा नगरपालिकाकै युवा तथा खेलकुदकर्मी मानसिं दोङलाई पनि जिल्ला समन्वय समितिले सम्मान गरेको छ ।

रायमाझी र दोङ दुवै जनालाई जिल्ला समन्वय समिती मकवानपुरका प्रमुख ललित घलान तथा जिल्ला समन्वय अधिकारी सुर्य प्रसाद चापागाईंले दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रममा सहकारी विधा अन्तर्गत श्रमिक साना किसान कृषि सहकारी संस्था लिमिटेड, मकवानपुरगढी र जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्था लिमिटेडलाई सम्मान गरिएको छ । यस्तै, गैह्र सरकारी संस्थातर्फ शान्ति फाउण्डेशन मकवानपुर र ग्रामिण जीवनस्तर सुधार मञ्च मकवानपुरलाई सम्मान गरिएको छ ।

यसैगरि, कर्मचारीतर्फ जिल्ला समन्वय समिति मकवानपुरमा खरिदार अमृता खनाल र कैलाश गाउँपालिका अन्तर्गत कार्यरत सिनियर अनमी आशाकुमारी गुरूङ झा, बकैया गाउँपालिकाका सहायक पाँचौं तहकी कर्मचारी मनिषा पराजुली सम्मानित भएकी छन् ।

यस्तै, सामुदायिक वनतर्फ सिमपानी देउकोट सामुदायिक वन उपभोक्ता समूह मनहरि सम्मानित भएको छ भने शिक्षातर्फ इन्द्रसरोवर गाउँपालिकाका चन्द्र आधार भूत विद्यालय सम्मानित भएको छ ।साना महिला उद्यमीतर्फ गीता मैनाली सम्मानित भएकी छन् ।

# वडा कार्यालय भवन उद्घाटन, जग्गादातालाई सम्मान

◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिकाको वडा नम्बर ४ को कार्यालय एक समारोहकाबीच उद्घाटन गरिएको छ । मकवानपुर प्रतिनीधि सभा क्षेत्र नम्बर २ का साँसद महेश कुमार बर्तौलाले एक समारोहकाबीच नवनिर्मित कार्यालय भवनको १८ मंसिरमा उद्घाटन गरेका छन् ।

जिल्ला समन्वय समिति मकवानपुरका र गाउँपालिकाको संयुक्त लगानीमा वडा कार्यालय भवन निर्माण सकिएसंगै उद्घाटन गरिएको हो । चार कोठे वडा कार्यालय भवन निर्माण सम्पन्नसंगै अब वडाबाट हुने सबै प्रशासनिक कार्य सहजै संचालन गर्न सकिनेछ । यसअघि पुरानो भवनबाट सेवा प्रवाह हुँदै आएकोमा नयाँ भवनबाट सहज हुने गाउँपालिका अध्यक्षका सल्लाहकार राजु बस्नेतले जानकारी दिए । ४ नम्बर वडाका हरि कुमार लामाले ६ आना ३ पैसा तथा जगत बहादुर डिम्डुङले १२ आना क्षेत्रफल जग्गा वडा कार्यालयलाई भवन बनाउन दान गरेपछि सुविधा सम्पन्न भवन निर्माण गरिएको जनाइएको छ ।

वडा कार्यालय भवन उद्घाटनको अवसर मा जग्गादाता दुवै जनालाई सम्मान गरि एको छ । ४ नम्बर वडाध्यक्ष चन्द्र कुमार बलको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, उपाध्यक्ष उमा लामा, पालिकाका निवर्तमान अध्यक्ष जीवन लामा, प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, वडा नम्बर ३ का अध्यक्ष प्रताप भोम्जन, वडा नम्बर ४ का निवर्तमान अध्यक्ष धनवीर स्याङ्तान लगायतकाको आतिथ्यता रहेको थियो ।

## जाडोको समयमा चिसोबाट बचौं !

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं, दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

| मुलुकी अपराध संहिता २०७४ | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

११ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर




थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी